**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. निर्वाचन आयोगले चार राज्य र एक केन्द्र शासित प्रदेशमा विधानसभा चुनावको तालिका घोषणा गरेको छ। असम, केरला, पुडुचेरी र तमिलनाडुमा एकै चरणमा चुनाव हुनेछ भने पश्चिम बंगालमा दुई चरणमा चुनाव हुनेछ।

२. भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) र भाजपा कार्यकर्ताहरू चुनावको लागि पूर्ण रूपमा तयार रहेको बताउनु भएको छ।

३. आज लोकसभामा वित्त वर्ष २०२६-२७ को लागि रेल मन्त्रालयको अनुदानको मागमाथि चर्चा र मतदान हुनेछ।

४. अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले विश्वव्यापी संकटलाई सम्बोधन गर्न आफ्ना सदस्य देशहरूले आफ्नो आपतकालीन भण्डारबाट ठूलो मात्रामा तेल रिलिज गर्ने बताएको छ।

५. ओडिशाको मयूरभंज जिल्लामा आएको भीषण आँधीमा दुईजनाको मृत्यु भएको छ भने धेरैजना गम्भीर घाइते भएका छन्।

**निर्वाचन आयोग: विधानसभा चुनाव**

निर्वाचन आयोगले चार राज्य र एक केन्द्र शासित प्रदेशमा विधानसभा चुनावको तालिका घोषणा गरेको छ। असम, केरला, पुडुचेरी र तमिलनाडुमा एकै चरणमा चुनाव हुनेछ भने पश्चिम बंगालमा दुई चरणमा चुनाव हुनेछ। हिजो नयाँ दिल्लीमा चुनाव तालिका घोषणा गर्नु हुँदै मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आसाम, केरला र पुडुचेरीमा ९ अप्रेलमा र तमिलनाडुमा २३ अप्रेलमा मतदान हुने बताउनु भयो। पश्चिम बंगालमा १५२ विधानसभा सिट समेट्ने पहिलो चरणको मतदान २३ अप्रेलमा र दोस्रो चरणको मतदान १४२ सिट समेट्ने २९ अप्रेलमा हुनेछ।

चार राज्य र केन्द्र शासित प्रदेश पुडुचेरीको मतगणना ४ मईमा हुनेछ। आसाम, केरला र पुडुचेरीमा विधानसभा चुनावको सूचना आज जारी गरिनेछ। तमिलनाडुको लागि ३० मार्चमा अधिसूचना जारी गरिनेछ। पश्चिम बंगालमा पहिलो चरणको लागि अधिसूचना पनि ३० मार्चमा जारी गरिनेछ जबकि दोस्रो चरणको लागि अधिसूचना २ अप्रेलमा जारी गरिनेछ।

**बाइटः ज्ञानेश कुमार**

निर्वाचन आयुक्तले पश्चिम बंगाल र तमिलनाडुमा लगभग ६ करोड, केरलामा लगभग ३ करोड, आसाममा २ करोडभन्दा बढी र पुडुचेरीमा ९ लाखभन्दा बढी मतदाताहरुले आफ्नो मताधिकार प्रयोग गर्ने बताउनु भयो। उहाँले थप जानकारी दिनु भयो, २० हजारभन्दा बढी मतदान केन्द्रहरू स्थापना गरिनेछ र लगभग २५ लाख चुनाव कर्मचारीहरू तैनाथ गरिनेछ। चुनाव आयुक्त ज्ञानेश कुमारले चुनाव तालिकाको घोषणासँगै आदर्श आचारसंहिता लागू भएको बताउनु भयो।

**बाइटः ज्ञानेश कुमार**

चुनाव आयुक्तले स्पष्ट पार्नु भयो, चुनाव प्रक्रियाको शत प्रतिशत वेबकास्टिंग सुनिश्चित गरिनेछ। पश्चिम बंगाल विधान सभाको कार्यकाल ७ मईमा, आसाम विधान सभाको २० मईमा, केरलाको २३ मईमा, तमिलनाडुको १० मईमा र पुडुचेरीको १५ जूनमा समाप्त हुँदैछ।

मतदाता सूचीको विशेष गहन संशोधन एसआईआरको सन्दर्भमा चुनावआयुक्तले भन्नु भयो, त्रुटिरहित मतदाता सूचीले कुनै पनि लोकतन्त्रको लागि बलियो जगको रूपमा काम गर्दछ। उहाँले भन्नु भयो, यो संशोधन संविधानको धारा ३२६ अन्तर्गत गरिएको छ ताकि कुनै पनि योग्य मतदाता सूचीमा समावेश हुनबाट वञ्चित नहोस् र कुनै पनि अवैध नाम समावेश नहोस्।

**बाइट: ज्ञानेश कुमार**

चुनाव आयुक्तले युवा र पहिलो पटक मतदान गर्ने मतदाताहरूलाई लोकतन्त्रको यो उत्सवमा उत्साहपूर्वक भाग लिन र गर्व र जिम्मेवारीको भावनाका साथ मतदान गर्न अपील गर्नु भयो। उहाँले भारतमा चुनाव लोकतन्त्रको वास्तविक उत्सव भएको बताउनु भयो।

**निर्वाचन आयोग – विधानसभा उप चुनाव**

निर्वाचन आयोगले छ राज्यका आठ विधानसभा सिटका लागि उप चुनाव घोषणा गरेको छ। यी सिटहरूमा गोवाको पोन्डा; गुजरातको उमरेथ; कर्नाटकको बागलकोट र दावनगेरे; महाराष्ट्रको राहुरी र बारामती; नागाल्याण्डको कोरिडाङ; र त्रिपुराको धर्मनगर सामेल छन् । मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले हिजो साँझ नयाँ दिल्लीमा पत्रकार सम्मेलनमा गोवा, कर्नाटक, नागाल्याण्ड र त्रिपुरामा उप चुनावका लागि सूचना आज जारी गरिने र मतदान ९ अप्रेलमा हुने जानकारी दिनु भयो। उहाँले जानकारी दिनु भयो, गुजरात र महाराष्ट्रमा उप चुनावका लागि सूचना यस महिनाको ३० तारिखमा जारी गरिनेछ र मतदान २३ अप्रेलमा हुनेछ। मतगणना ४ मईमा हुनेछ।

**पुडुचेरी – चुनाव**

पुडुचेरीका ३० विधानसभा सिटका लागि उम्मेदवारी दर्ता गर्ने प्रक्रिया आजदेखि सुरु हुँदैछ। उम्मेदवारहरूले आजदेखि २३ मार्चसम्म आफ्नो उम्मेदवारी दर्ता गर्न सक्नेछन्। उम्मेदवारी अनलाइन पनि बुझाउन सकिन्छ; यद्यपि, उम्मेदवारी पत्रको छापिएको प्रतिलिपि निर्वाचन अधिकारीलाई व्यक्तिगत रूपमा बुझाउनुपर्नेछ। नोमिनेशन पत्रहरूको छानबिन २४ मार्चमा हुनेछ। उम्मेदवारी फिर्ता लिने अन्तिम मिति २६ मार्च हो।पुडुचेरी विधानसभा चुनावको लागि मतदान ९ अप्रिलमा हुनेछ। मतगणना ४ मईमा हुनेछ।

**आज संसद**

आज लोकसभामा वित्त वर्ष २०२६-२७ को लागि रेल मन्त्रालयको अनुदानको मागमाथि चर्चा र मतदान हुनेछ। आजको सदनको कार्यसूचीमा कृषि तथा किसान कल्याण मन्त्रालयको अनुदानको मागमाथि चर्चा पनि समावेश छ।

राज्यसभाले विनियोग विधेयक-2026 माथि विचार गर्नेछ। यो विधेयकले वित्त वर्ष २०२५-२६ को समयमा भुक्तानी र सेवाहरूको लागि संचित कोषबाट निकालिएको रकमको विनियोगलाई अधिकृत गर्ने प्रयास गर्दछ।

**भाजपा – विधानसभा चुनाव**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) र भाजपा कार्यकर्ताहरू चुनावको लागि पूर्ण रूपमा तयार रहेको बताउनु भएको छ। चार राज्य र एक केन्द्र शासित प्रदेशको चुनावी मिति घोषणा भएपछि श्री नवीनले सामाजिक सञ्जाल पोस्टमा टिप्पणी गर्नु भएको छ, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, एनडीए असम र पुडुचेरीमा फेरि एक पटक सरकार बनाउन तयार छ। उहाँले भन्नु भयो, जनताको आशीर्वादले पश्चिम बंगाल, तमिलनाडु र केरलामा पनि एनडीएको विजयको बाटो खुल्दैछ।

**साउदी अरेबिया – सीबीएसई**

साउदी अरेबियास्थित भारतीय दूतावासका मिसन उप प्रमुख उप मिशन प्रमुख अबू मैथेन जॉर्जले आज साउदी अरेबियाभरिका सीबीएसई-सम्बद्ध विद्यालयहरूका प्रधानाध्यापकहरूसँग भर्चुअल अन्तरक्रिया गर्नुभयो। श्री अबु माथेन जर्जले

उहाँहरूलाई वर्तमान क्षेत्रीय अवस्था र भारतीय समुदायलाई सहयोग गर्न दूतावासले गरेका पहलहरूको बारेमा जानकारी गराउनुभयो र सीबीएसई बोर्ड परीक्षासँग सम्बन्धित प्रश्नहरूलाई पनि सम्बोधन गर्नुभयो।

**अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी - तेल रिलिज**

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले विश्वव्यापी संकटलाई सम्बोधन गर्न आफ्ना सदस्य देशहरूले आफ्नो आपतकालीन भण्डारबाट ठूलो मात्रामा तेल रिलिज गर्ने बताएको छ। एक विज्ञप्तिमा, एजेन्सीले एसिया र ओशिनियाका देशहरूले तुरुन्तै तेल रिलिज गर्न थाल्ने उल्लेख गरेको छ, जबकि युरोप र अमेरिकाका आपतकालीन भण्डारहरूबाट आपूर्ति यस महिनाको अन्त्यसम्ममा सुरु हुने तय गरिएको छ। एजेन्सीले थपेको छ, यो आपतकालीन उपायले तेलको विश्वव्यापी आपूर्तिलाई बढावा दिनेछ।अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले ४० करोड ब्यारेल तेल रिलिज गर्ने घोषणा गरेको छ। यो परिमाण २०२२ मा युक्रेनमा रूसको आक्रमणपछि एजेन्सीले जारी गरेको रकमको दोब्बरभन्दा बढी हो। एजेन्सीको पछिल्लो प्रतिवेदनले सदस्य देशहरूले लगभग ४१२ मिलियन ब्यारेल योगदान गर्ने वाचा गरेको संकेत गर्दछ। यसमध्ये लगभग ७२ प्रतिशत कच्चा तेल हुनेछ, बाँकी परिष्कृत उत्पादनहरू हुनेछन्।अमेरिकी ऊर्जा सचिव क्रिस राइटले भन्नु भयो, इरानसँग सम्बन्धित युद्ध आगामी केही हप्ताभित्र समाप्त हुने अपेक्षा गरिएको छ। यसपछि, विश्वव्यापी तेल आपूर्ति बढ्ने अनुमान गरिएको छ, जसले गर्दा मूल्यमा गिरावट आउनेछ।

**ओडिशा - तूफान**

हिजो ओडिशाको मयूरभंज जिल्लामा आएको भीषण आँधीमा दुईजनाको मृत्यु भएको छ भने धेरैजना गम्भीर घाइते भएका छन्। दुई सयभन्दा बढी घरहरूमा क्षति पुगेको छ। जिल्लाभरिका बाह्र गाउँहरूमा असंख्य रूखहरू र बिजुलीका पोलहरू उखेलिएका छन्। करंजिया ब्लकको किया र कान्काडा गाउँहरू सबैभन्दा बढी प्रभावित भएका छन्। आँधी यति तीव्र थियो कि एउटा अटो-रिक्सा र एउटा स्कुटर बगाएर नजिकैको जलाशयमा पुराएको छ। राज्य सरकारले मृतकका परिवारलाई प्रतिव्यक्ति ४ लाख रुपियाँको अनुग्रह राशि घोषणा गरेको छ।

मौसम विभागले आज मयूरभंज जिल्लाको लागि 'ओरेन्ज अलर्ट' जारी गरेको छ। जिल्लामा वर्षा र असिनासँगै आँधीबेहरी आउने सम्भावना छ। ओडिशाका सुन्दरगढ, केओंझर, बालासोर र भद्रक जिल्लाहरूको लागि पनि 'येल्लो अलर्ट' जारी गरिएको छ।

**श्रीलंका - क्यूआर कोड**

श्रीलंकाका ऊर्जा मंत्रालयली

**क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई)**

भारतीय क्रिकेट कन्ट्रोल

**मौसम**

मौसम विभागले आज